माडी नगरपालिकाको आर्थिक बर्ष २०८१/०८२ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०८१

नगर सभाबाट स्वीकृत मितिः २०८१।०३।०९

**प्रस्तावना**

माडी नगरपालिकाको आर्थिक बर्ष २०८१।०८२ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम माडी नगर सभाले यो ऐन बनाएको छ ।

**१.संक्षिप्त नाम र प्रारम्भः**

(१) यस ऐनको नाम " माडी नगरपालिकाको विनियोजन ऐन, २०८१" रहेको छ ।

(२) यो ऐन २०८१ श्रावण १ गते देखि प्रारम्भ हुनेछ ।

२.**सञ्चित कोषबाट रकम खर्च गर्ने** :

(१) आर्थिक वर्ष २०८१।०८२ को निमित्त माडी नगरकार्यपालिका, वडा समिति, विषयगत शाखा र सो अन्तर्गतका अस्पताल तथा स्वास्थ्य निकायहरुले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु **९९,६०,३५,०००।-** (अक्षरेपी उनान्सय करोड साठी लाख पैंतिस रुपैया मात्र ) निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिने छ ।

३. **विनियोजनः**

(क) यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८१।०८२ मा माडी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, वडा समिति , विषयगत शाखा र सो अन्तर्गतका अस्पताल तथा स्वास्थ्य निकायहरुले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिने छ ।

(ख) उपदफा (क) मा जुनसुकै कुरा लेखिएको भएता पनि माडी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, वडा समिति , विषयगत शाखा र सो अन्तर्गतका अस्पताल तथा स्वास्थ्य निकायहरुले गर्ने सेवा र कार्यहरुको निमित्त गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा नगर कार्यपालिकाले बचत हुने शिर्षकबाट नपुग हुने

शिर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शिर्षकबाट सो शिर्षकको जम्मा रकमको २५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शिर्षकहरु बाट अर्को एक वा एक भन्दा बढी शिर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्था तर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शिर्षक तर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शिर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन । तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिने छ ।

(ग) उपदफा (ख) मा जुनसुकै कुरा लेखिएको भएता पनि एक शिर्षकबाट सो शिर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शिर्षकहरुमा रकम सार्न परेमा नगर सभाको स्वीकृति लिनु पर्नेछ ।

(घ) यो ऐन प्रारम्भ भए पश्चात संघिय वा प्रदेश सरकार एवं अन्य निकायहरुवाट शसर्त तथा निशर्त रुपमा हस्तान्तरण हुन सक्ने वित्तिय श्रोत र प्रचलित कानून बमोजिम प्राप्त हुन सक्ने वित्तिय श्रोतको विनियोजन कार्यपालिकाले गर्न सक्नेछ ।

४) **रकम खर्च गर्ने अधिकार :**

यस ऐन बमोजिम सञ्चित कोषवाट व्ययभार हुने रकमको खर्च गर्ने अधिकार प्रमुख प्रशासकिय अधिकृतलाई हुनेछ । श्रावण १० गते भित्रमा नगर प्रमुखवाट प्रमुख प्रशासकिय अधिकृतलाई खर्च गर्ने अधिकार लिखित रुपमा दिनु पर्नेछ ।

५) यस ऐनमा कुनै विषय संशोधन गर्नु परेमा नगरसभावाट पारित गराउनु पर्नेछ । यो ऐन लागु भए पछि यस अघिका विनियोजन ऐन स्वतः निष्क्रिय हुनेछन् ।

# अनुसूचि-१

(दफा २ संग सम्बन्धित)

नेपालको संविधानको धारा २२९ (२) बमोजिम

संञ्चित कोषबाट विनियोजन हुने रकम

| क्र.सं. | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च | पूँजिगत खर्च | वित्तिय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| १ | | माडी नगरपालिका | | | | **९९,६०,३५,०००।-** |